नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक १३४ २०७७ साल पुस ९ गते बिहीबार (24 Dec. 2020 Thursday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- मासिक बीस हजार रुपैयाँभन्दा बढीमा घर बहालमा दिँदा घर बहालमा लिने दिने व्यक्तिले लिखित सम्झौता गर्नु पर्ने,
- काम लगाउने व्यक्तिले काम गर्ने व्यक्तिलाई कामको अनुपातमा ज्याला दिनु पर्ने,
- पचास हजार रुपैयाँ भन्दा बढी रकम लेनदेन गरी घरसारमा तयार भएको लिखत स्थानीय तहबाट प्रमाणित गराउनु पर्ने,
- धर्मपुत्र धर्मपुत्री राख्दा जिल्ला अदालतबाट प्रमाणीकरण गराउनु पर्ने,
- सार्वजनिक पदाधिकारीले पदीय हैसियतमा नाम र दर्जा खुलाई कुनै लिखतमा हस्ताक्षर गर्नु पर्नेमा सो नगरे पाँचसय रुपैयाँसम्म जरिवाना हुन सक्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

यस अंक भित्र : २ पृष्ठमा : जनमतले नयाँ योजना र ... ३ पृष्ठमा : कोभिड सङ्क्रमणसँगै ... ३ पृष्ठमा : इजरायलमा संसद ...

# जसपाको बृहत प्रदर्शन, असंबैधानिक कदम खारेज तथा रेशम चौधरीको रिहाईको माग




असंबैधानिक प्रतिनिधिसभा विघटनको बिरोधमा बुधबार जनता समाजवादी पार्टी नेपाल सप्तरीले राजविराजमा गरेको बृहत प्रदर्शनको दृश्य । *तस्बिर : चन्दन कुमार यादव*

**दैनिक समाचारदाता**
**राजविराज, ८ पुस ।**

जनता समाजवादी पार्टी नेपाल सप्तरीले बुधबार राजविराजमा बृहत प्रदर्शन गरेको छ ।

असंबैधानिक प्रतिनिधिसभा विघटनको बिरोधमा गरिएको प्रदर्शनका क्रममा रेशम चौधरीको रिहाइको माग समेत गरिएको छ ।

स्थानिय शिवमन्दिरको प्राङ्गणबाट निस्केको बिरोध जुलुस नगर परिक्रमा पश्चात् सहिद दशन चौकमा पुगि सभामा परिणत भएको थियो । सो प्रदर्शनका क्रममा प्रधानमन्त्री केपी शर्मा ओली बिरुद्ध चर्को नाराबाजी तथा रेशम चौधरी लगायत अन्य नेता कार्यकर्तामाथी लगाइएको झुठा मुद्दा खारेजीको माग पनि गरिएको छ ।

जसपा नेता केदार यादवको अध्यक्षतामा आयोजित बिरोध सभामा राष्ट्रिय सभाका सदस्य मृगेन्द्र कुमार सिंह यादव, विघटित प्रतिनिधिसभा सदस्य रेणु यादव, प्रदेशसभा सदस्य नेत्र विक्रम साह, अभिशेख यादव, जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादव, विद्यार्थी नेता शम्भु यादव, विकास तिवारी, तिलाठी कोइलाडी गाउँपालिका अध्यक्ष सतिश सिंह, रुपनी गाउँपालिकाका अध्यक्ष हरेराम यादव, राष्ट्रिय विद्यार्थी संघका अध्यक्ष किशोर यादव लगायतले सभालाई सम्बोधन गर्दै गणतन्त्र र लोकतन्त्र बिरुद्ध प्रधानमन्त्री र राष्ट्रपतिले षडयन्त्र गरेको आरोप लगाए ।

उनीहरुले जनताको रगतबाट स्थापित भएको अधिकार कुनै पनि हालतमा गुम्न नदिने र आन्दोलनबाटै अधिकार खोसेर लिने चेतावनी समेत दिएका छन् ।

# अध्यक्ष दाहाल संसदीय दलका नेतामा चयन

काठमाडौँ, ८ पुस (रासस) ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) दाहाल-नेपाल समूहले संसदीय दलका नेतामा पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लाई चयन गरेको छ । नयाँ बानेश्वरस्थित संसद् भवनमा बुधबार बसेको सो पक्षका पूर्वसांसद् र सांसदको बैठकले केपी शर्मा ओलीलाई दलको नेताबाट हटाएर दाहाललाई चयन गरेको सांसद निवर्तमान देवप्रसाद गुरुङले जानकारी दिनुभयो ।

बैठकमा अर्का पार्टी अध्यक्ष माधवकुमार नेपालले मङ्गलबार बसेको केन्द्रीय कमिटीको बैठकले गरेको निर्णयका बारेमा पूर्वसांसद र सांसदलाई जानकारी गराउनुभएको थियो । केन्द्रीय कमिटीको मङ्गलबारको बैठकले ओलीलाई पार्टी अध्यक्षको जिम्मेवारीबाट मुक्त गरी नेता नेपाललाई सर्वसम्मतिले चयन गरेको थियो । बैठकमा राष्ट्रियसभा र विघटित प्रतिनिधिसभाका ११५ जना सदस्यको उपस्थिति रहेको गुरुङले जानकारी दिनुभयो ।

# गजेन्द्र नारायण अस्पतालमा सिटि स्क्यान सेवा सुरु

## आइसियु सेवा छिटै संचालनमा आउने तयारी





**दैनिक समाचारदाता**
**राजविराज, ८ पुस ।**

राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालले विगतका कमिकमजोरीहरु सुधार गर्दै नयाँ नयाँ सेवा बिस्तार गर्न लागिपरेको छ ।

अस्पताल प्रशासनले बुधबार विगत ६ महिनाको सेवा र सुविधा सुधारका लागि भएका काम, भावी योजना तथा चुनौती बारे पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरेको छ ।

*बाँकी दुई पृष्ठमा*



## सम्पादकीय ....

# मुलुकमा राजनीतिक स्थिरता आवश्यक

मुलुकमा प्रतिनिधिसभा विघटनसँगै यसको असर विकासीय कार्यमा परेको छ । सप्तरीको विकास क्रमले गति लिइरहेको बेला पुनः निर्वाचनको मिति तोकिएपछि विकासीय गति केही सुस्त भएको छ । विभिन्न संसदको संसदीय विकास कोषको रकमले भइरहेको जिल्लाको विकास निर्माणको कामले केही महिना पूर्णबिराम पाएको छ । भखैरै संसदीय विकास कोषको रकम जिल्लाको विभिन्न विकासी योजनाका लागि छुट्याइएको बेला संसद विघटन भएपछि सो रकम पनि रोकिएको छ । जसले गर्दा सप्तरीमा मात्र नभएर मुलुकभरि नै संसदीय विकास कोषको रकमबाट हुने विभिन्न कार्य रोकिएको हो ।

तर संसद पुर्नस्थापनाका लागि सर्वोच्च अदालतमा मुद्दा परेकोले यसको पुनःस्थापना हुने हो की भन्ने झिनो आशा समेत रहेको छ । त्यसपछि मात्र मुलुकले कस्तो गति लिने हो भन्ने कुराको सम्पूर्ण नेपाली जनता प्रतिक्षामा रहेका छन् । यसरी कुनै पनि मुलुकको विकासका लागि राजनीतिक स्थिरता आवश्यक छ । अनिमात्र कुनै पनि कार्य अगाडी बढ्ने हो ।

तसर्थ मुलुकको विकासमा सबैभन्दा पहिला राजनीतिक स्थितरता आवश्यकता छ । त्यसपछि मात्र कुनै कार्यले ठोस निकास पाउनसक्छ । यसका लागि सम्पूर्ण नेपाली जनताले सबै राजनीतिक दलहरुलाई खबरदारी गर्न आति आवश्यक रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# जनमतले नयाँ योजना र कार्यक्रम ल्याउँदैछ



अब्दुल खान

जनमत पार्टीको केन्द्रीय समितिको बैठक आगामी मंसिर २७ गते शनिबार बस्दैछ । कोभिड-१९ को कारण हामीले अनलाइनमार्फत् नै दुई दिने बैठकको तयारी गरेका हौं । बैठकको पहिलो दिन जिल्लाहरुमा जनमतको भइरहेका गतिविधिबारे जानकारी आदान-प्रदान गर्छौं भने दोस्रो दिनको बैठकमा आगामी कार्यक्रम र रणनीतिको विषयमा छलफल हुनेछ ।

अहिले कोभिड-१९ देखा परिरहेको छैन भन्ने छैन । अहिले पनि कोभिड-१९ को जोखिम छँदैछ । जेकजाँच नहुँदा कोभिड-१९ फेला परिरहेको छैन तर कोभिड-१९ समाप्त भइसक्यो भन्न सकिन्न । हामी जिम्मेवार पार्टीको नाताले सरकारले जारी गरेको कोभिड सुरक्षा मापदण्डलाई तोड्न चाहेका छैनौं । हाम्रा केन्द्रीय समितिका नेताहरु कोही जिल्लामा छन् भने कोही बाहिर पनि छन् । त्यसैले, अहिले हामी अनलाइन बैठक बसौं भन्ने निष्कर्षमा पुगेका छौं ।

हाम्रो अनलाइन बैठक बस्नुको मुख्य कारण कोभिड-१९ नै हो । अहिले पूरा विश्व नै डिजिटल माध्यमबाट गतिविधिहरु अगाडि बढाइरहेको छ । अहिले कोभिड-१९को सन्त्रास छ, पछि अन्य पनि यस्ता महामारीहरु आउन सक्छन् । त्यसैले हामी अहिलेदेखि अनलाइनमाध्यमबाट बैठकहरु गर्ने एउटा परम्परा बसाल्यौं भने पछिका लागि पनि राम्रो हुन्छ । अर्को कुरा, हाम्रा वडा अधिवेशनहरु र पार्टी प्रवेश कार्यक्रमहरु पनि भइरहेका छन् । हामीले यसरी गर्ने पक्षमा थिएनौं । तर, सत्ताधारी पार्टी लगायत राष्ट्रिय भनाउँदा दलहरुले नै कोभिडको मापदण्ड मानिरहेको छैन भने हामी नयाँ पार्टी र नयाँ संगठन भएको कारणले बाध्यतावश हामी पनि यस्ता कार्यक्रमहरु गरिरहेका छौं । हामी अनुशासित र जिम्मेवारी बुझेका छौं ।

केन्द्रीय समिति बैठक नियमित रुपमा तीन-तीन महिनाको अन्तरालमा बस्ने हाम्रो कार्यसुची नै हो । यो हाम्रो सातौं केन्द्रीय समितिको बैठक हो । मूल एजेन्डा भनेको प्रत्येक जिल्लामा भए/गरेका गतिविधिबारे जानकारी लिन्छौं । अहिलेसम्म कति ठाउँमा समिति निर्माण भयो, वडा अधिवेशनहरुको अवस्था के छ त्यसबारे बुझ्छौं । हाम्रो सांगठनिक तयारी कस्तो छ । त्यसपछि हामी आगामी दिनमा कस्ता कार्यक्रमहरु गर्नुपर्छ, कोभिडको अवस्था के छ, हामीले के गर्न सक्छौं भन्ने कुरामा हामीले नयाँ रणनीति र योजनाहरुबारे छलफल गर्छौं ।

हाम्रो नयाँ पार्टी र संगठन भएकोले नयाँ सदस्यता वितरण, विस्तार र अधिवेशनहरु सम्पन्न गरेर जिल्ला अधिवेशन हुँदै महाधिवेशनको तयारी कसरी गर्ने भन्ने हो । दिनहुँ हाम्रो वडा अधिवेशनहरु भइरहेको छ । अन्य पार्टीहरुको जिल्ला कार्य समिति हुन्छ, तर जनमत पार्टीको जिल्ला समन्वय समिति हुन्छ । हाम्रा प्रत्येक वडाका अध्यक्ष स्वतः जिल्लाको पदेन सदस्य हुन्छ ।

हामीले अहिलेसम्म महाधिवेशनको मिति तोकेका छैनौं । तर, जिल्लासम्मको अधिवेशन फागुनसम्म सम्पन्न गर्ने लक्ष्य लिएका छौं । फागुन १५ सम्म यदि हामीले जिल्लासम्म अधिवेशन सम्पन्न गर्न सक्यौं भने त्यसपछि हामी महाधिवेशनको मिति तय गर्छौं । तर पनि हाम्रो पहिलो महाधिवेशन आगामी बैशाखभित्र नै हुन्छ । हामी यही वर्षभित्र महाधिवेशन सम्पन्न गर्ने सोचमा छौं, तर कुनै कारणवश हुन सकेन भने नयाँ वर्षमा हामी महाधिवेशन गर्छौं । जनमतको पदाधिकारीहरु महाधिवेशनबाट नै चयन हुन्छन् । महाधिवेशनसम्म केन्द्रीय समितिमा अध्यक्षबाहेक सबै सदस्यहरु मात्र रहन्छन् ।

जनमतमा अन्य पदाधिकारीहरु चयन नहुँदा हाम्रा अध्यक्ष डा.सीके राउत वन म्यान आर्मी हुनुभयो भन्ने आरोप-प्रत्यारोपहरु लागिरहन्छन् नै । यो स्वाभाविक पनि हो । जसले काम गर्छ उसमाथि आरोपहरु लाग्छन् । हामी जतिखेर मूलधारको राजनीतिमा आयौं र नेपाल सरकारसँग सहमति भइरहँदासम्म हामीविरुद्ध विभिन्न किसिमका षड्यन्त्रहरु हुँदै आएका छन् । षड्यन्त्रकारीहरु हामीलाई देख्न नसक्नु, जनमत पार्टीका दिनप्रति दिन सदस्यहरु बढ्दै जानु, संगठन विस्तार हुँदै जानु, अन्य पार्टीहरुबाट पनि धेरै नेताहरु हामीसँग जुडिरहेका छन् । यसकारणले हामीप्रति आरोप प्रत्यारोपहरु लाग्नु ठूलो कुरा होइन । अर्को कुरा हाम्रो पार्टीमा अध्यक्षभन्दा पनि हामी नेता कार्यकर्ताहरु बढी सक्रिय छौं । दिनप्रति दिन नेता कार्यकर्ताले वडा अधिवेशन गराइरहेका छन्, पार्टी प्रवेश गराइरहेका छन् । भनेपछि अध्यक्षभन्दा बढी भूमिका त हामी नेता कार्यकर्ताहरुको देखिएको छ । हाम्रो अध्यक्षमाथि यदि कसैले वन म्यान आर्मीको आरोप लगाउँछन् भने त्यो एकदम निराधार हो । हाम्रा केन्द्रीय अध्यक्ष अन्य पार्टीका अध्यक्षभन्दा अवश्य नै वैज्ञानिक, दक्ष, दूरदृष्टि भएको हुनुहुन्छ ।

अध्यक्षमाथि लगाइएको आरोप-प्रत्यारोपबारे केही भन्नु छैन । उहाँहरुले जनमतलाई स्वीकार गर्न चाहनु भएन, जनता समक्ष जान चाहनु भएन । उहाँहरुले आफ्नो नितान्त व्यक्तिगत इच्छाले जनमत छोडेर जानुभयो । जाने व्यक्तिलाई कसैले रोकेर राख्न सकिँदैन । हाम्रो पार्टी विभाजन भएको छैन । हामीमाथि त सबैले आरोप लगाइरहेका छन् । हामी अहिलेसम्म कुनै सरकारमा छैनौं, कुनै नेता मन्त्री बनेका छैनन् भने कुन आधारमा के आरोप लगाउँछन् । उहाँहरुले पार्टी एजेन्डा जनतासम्म पुर्याउन सक्नुभएन । पार्टी छोडेर जानेहरु विभिन्न प्रलोभन र अरु कसैको लहै-लहैमा लाग्नुभयो ।

कुनै पार्टी राष्ट्रिय वा क्षेत्रीय भनेर जनताले निर्धारण गर्ने हो । पार्टीहरु दर्ता हुने भनेको एकै ठाउँमा हो । कुनै पार्टीको आकार भन्ने कुरा जनताले निर्धारण गर्ने हो ।

पहाड र हिमालभन्दा बढी समस्या तराई-मधेशमा रहेका छन् । जहाँ समस्या हुन्छ, त्यहीं समाधानका उपायहरु खोज्नुपर्छ । त्यसकारण हाम्रो गतिविधिहरु मधेशमा बढी भइरहेका छन् । राजनीतिक, आर्थिक, सामाजिक लगायतका समस्याहरु बढी मधेशमै रहेकोले हामी मधेशमा बढी सक्रिय भएका छौं । मधेशमा मत लिने बाहेक कुनै पनि राजनीतिक दलले सामाजिक एजेन्डालाई उठाउन नसकेकोले जनमत पार्टी विशेष गरेर मधेशमा काम गरिरहेको छ । *(खान जनमत पार्टीका केन्द्रीय सदस्य हुन् ।) ( मधेश दर्पण फिचर सेवा)*

# चिनी उद्योग सञ्चालन शुरु

सर्लाही, ८ पुस (रासस) ।

हरिवन नगरपालिका-११ मा रहेको इन्दुशङ्कर चिनी उद्योगले यस वर्षको उखु क्रसिङको काम शुरु गरेको छ । यस वर्षका लागि उद्योग सञ्चालन गर्न मङ्सिर २६ गते डोङ्गा पूजा गरिएको र सोही अनुसार किसानलाई जानकारी पनि गराइसकिएको उद्योगका प्रबन्धक योगनारायण रजकले बताउनुभयो ।

उहाँका अनुसार उद्योगले यो वर्ष २५ लाख क्विन्टल उखु क्रसिङ गर्ने लक्ष्य लिएको छ । गत वर्ष उद्योगले २६ लाख ६७ हजार ९७१ क्वीन्टल उखु क्रसिङ गरेको यस उद्योगले दशैंअघि नै उखु उत्पादक किसानको सम्पूर्ण भुक्तानी गरेको थियो । जिल्लामा तीन वटा चिनी उद्योग रहेका भए पनि इन्दुशङ्कर उखु उत्पादक किसानको भुक्तानी चुक्ता गर्ने एक मात्र उद्योग रहेको उखु प्रबन्धक रजकले बताउनुभयो ।

जिल्लाको धनकौलमा रहेको अन्नपूर्ण चिनी उद्योग र महालक्ष्मी चिनी उद्योग बगदहले उखु उत्पादक किसानको गत वर्षको भुक्तानी नगरेसम्म मिल सञ्चालन गर्न नदिइने उखु उत्पादक किसान महासङ्घका अध्यक्ष कपिलमुनी मैनालीले बताउनुभयो । यी दुवै उद्योगविरुद्ध जिल्लाका उखु उत्पादक किसानले काठमाडौंमा आन्दोलन गरिरहेका छन् । गत वर्ष सञ्चालनमा आउन नसकेको अन्नपूर्ण चिनी उद्योगले किसानलाई तीन/चार वर्षदेखिकै भुक्तानी दिन बाँकी छ ।

दुई वर्ष उखु क्रसिङ गरिसकेको महालक्ष्मी चिनी उद्योगले यो वर्ष पनि सञ्चालन गर्ने तयारी गरिरहेको छ । उद्योगले आफ्नो तर्फबाट सम्पूर्ण भुक्तानी गरिसकेको दाबी गर्दै आए पनि किसानले भने सो उद्योगबाट पनि केही रकम पाउन बाँकी रहेको भन्दै आन्दोलन गरिरहेका छन् ।

उद्योग मन्त्रालयद्वारा गठित कार्यदलले यसवर्षका लागि किसानलाई प्रतिक्विन्टल उखुको मूल्य रु ५४४ दिन सिफारिस गरिसकेको छ । यता किसानले भने सो मूल्य मान्य नहुने भन्दै उखुको मूल्य प्रतिक्विन्टल रु ६१७ कायम हुनुपर्ने माग राखेका छन् ।

*गजेन्द्र नारायण ...*

विगतमा रेफरल सेन्टरको उपाधी पाएको यस अस्पतालले आफ्नो छबी सुधार गर्दै अहिले प्रभावकारी सुविधा तथा सेवा प्रदान गर्न थालेपछि बिरामीको विश्वास समेत जितेको छ ।

आयोजित पत्रकार सम्मेलनमा निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. रन्जित झाले विगत ६ महिनाको अवधीमा अस्पताल सुधारका लागि गरिएका कार्यहरु सार्वजनिक गरेका छन् ।

यसअवधीमा अस्पतालमा सिटि स्क्यान सेवाका लागि भवन मर्मत सम्भार र सिटि स्क्यान जडान गरि सेवा सूचारु गरिएको जनाइएको छ । त्यस्तै आइसियु सेवा एक महिनाभित्र संचालनमा ल्याउने गरि कार्य अन्तिम चरणमा पुगेको डा. झाले जानकारी दिए ।

यस्तै आधुनिक पोष्टमार्टम भवन (रेफ्रिजेरेटर क्याबिनेटसहित), कोभिड अस्पतालका लागि २५ वेडको एचडियु सेवाको काम, कंगारु मदर केयरका लागि आवश्यक व्यवस्थापन कार्य सुरु र तीन सय केभिएको ट्रान्सफरमर जडान गरिएको छ ।

यसबाहेक अस्पतालमा रिक्त जनशक्ति करार सेवामा विज्ञापनमार्फत पदपूर्ती गरिएको उनले बताए । अस्पतालले यसअघि सेवा दिन असमर्थ रहेका दर्जनौं जटिल प्रकृतीको शल्यक्रिया र बिरामीको उपचार गर्न सफल भएको छ ।

डा. झाले कोभिड १९ का लागि पिसिआर ल्याब स्थापनासँगै आवश्यक जनशक्ति करारमा भर्ना गरि सेवालाई बिस्तार गरिएको बताउँदै अस्पताल प्रवेश गर्ने सडक, कुरुवा घर निर्माणका साथै वर्षौदेखी अस्पतालमा काम नलाग्ने कवाडी अवस्थामा राखिएका सरसामान लिलामी गर्ने प्रक्रिया समेत अघि बढाइएको जानकारी पनि दिए ।

यतिमात्र नभएर अस्पतालले भावी दिनमा व्यवस्थित क्यान्टिन निर्माण, एटिएम जडान तथा बैंक बिलिङ काउन्टरको स्थापना, प्रहरी बिटलाई व्यवस्थित र अस्पताल मातहतमा रहेका सटरहरुको मर्मत गरि भाडामा लगाउने तथा सरसफाईलाई व्यवस्थित गर्न टेन्डर प्रक्रिया लगायतका कार्यक्रमहरु समेत अघि बढाइएको उनको भनाई छ ।

स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई व्यवहारमा सुधार ल्याउन र नागरिक मैत्री बनाउन आवश्यक तालिमको व्यवस्था समेत गर्न लागिएको जानकारी दिँदै डा. झाले सबैको सकारात्मक सहयोगले सुधार सम्भव हुँदै गएको जिकिर गरे ।

# राजविराज क्रिकेट लिगमा लायन्स र बरहि बिरपुर बिजयी



दैनिक समाचारदाता
राजविराज, ८ पुस ।

राजबिराज स्पोर्टस क्लबको आयोजना तथा सप्तरी क्रिकेट संघसंगको सहकार्यमा राजबिराजमा संचालित राजबिराज क्रिकेट लिग अर्न्तगत बुधवारबाट शुरु भएको खेलमा लायन्स एकेडेमी र बरही बिरपुर बिजयी भएको छ ।

प्रदेश स्तरीय क्रिकेट प्रतियोगिताको लागि रोकिएको लिग बुधवारबाट राजरंगशालामा शूरुवात गरिएको हो । बुधवार सम्पन्न पहिलो खेलमा रंजितपुरले टसजिती पहिलो ब्याटिंग गर्ने निर्णय गर्दै निर्धारित २० ओभरको खेलमा ९ बिकेट गुमाई १ सय २६ रनको योगफल तयार पारेको थियो ।

रंजितपुरका लागि बिशाल यादवले ३३, संजय यादव १३ तथा रविन्द्र यादवले ११ रनको योगदान दिएका थिए । बलिंग तर्फ लायन्स एकेडमीका तर्फबाट अविनाश कर्णले ३, मुन्ना साह २ तथा बिजय दासले १ बिकेट लिएका थिए ।

एक सय २७ रनको लक्ष्य लिई मैदानमा ओर्लेको लायन्सले उक्त लक्ष्य सजिलै १७ ओभरमा ३ बिकेटको नोकसानीमा प्राप्त गरेका थिए । लायन्सका लागि भोला साहले ४० र चित्र बहादुर बिष्टले ३५ तथा अविनाश कर्णले १४ रन बनाएका थिए भने राजिब मिश्रा १९ र मुना साह १० रनमा अविजित रहेका थिए । खेलमा उत्कृष्ट बलिंग गरे वापत लायन्सका अविनाश कर्ण म्यान अफ द म्याच भएका थिए ।

बुधवारै सम्पन्न अर्को खेलमा मंसापुरले टसजिती पहिलो ब्याटिंग गर्ने निर्णय गर्दै निर्धारित २० ओभरको खेलमा १७ ओभर ४ बलमा ९५ रनमै समेटिएको थियो । मंसापुरका लागि लक्ष्मण दासले २१, अजय कुमार मरिक १९ तथा उमेश कुमार मण्डलले १६ रनको योगदान दिएका थिए । बलिंग तर्फ बरहिका उपेन्द्र रायले ३ तथा रेवति राय र बिष्णु मण्डलले क्रमश : २ र १ बिकेट लिएका थिए ।

९६ रनको झिनो लक्ष्य लिई मैदानमा ओर्लेको बरहिले उक्त लक्ष्य सजिलै १५ ओभरमा ४ बिकेटको नोकसानीमा प्राप्त गरेका थिए । बरहिका लागि रेवति रायले २८ तथा बिक्की राय र राजिव यादवले सामान २१ रनको योगदान दिएका थिए । बलिंग तर्फ मंसापुरका धिरज मण्डलले २ तथा अजय कुमार मरिक र शुभाष मण्डलले सामान १ बिकेट लिएका थिए । खेलको म्यान अफ द म्याच बरहिका उपेन्द्र राय भएका थिए ।


# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


सहकारी ऐन २०७४ अन्तर्गत स्थापित
सहकारी बिभाग दर्ता न.१२०१०५७५८
## जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
राजबिराज–३,हाल–४ सप्तरी

मिति: २०७७/०९/०१

## सुचना

**बिषय :- संस्थाको १९औं बार्षिक साधारण सभामा सहभागी हुने बारे ।**

**उपरोक्त सम्बन्धमा यस संस्थाको मिति २०७७ मंसिर २७ गते बसेको संचालक समितिको निर्णयानुसार यस संस्थाको १९औं बार्षिक साधारण सभा कोभिड–१९ को संकमणलाई मध्यनजर गर्दे साधारण सभा सम्बन्धि सहकारी विभागले जारी गरेको सुचना बमोजिम आवश्यक स्वास्थ सुरक्षा तथा सामाजिक दुरी कायमगरी तपसिलमा उल्लेखित बिषयहरुमा छलफल गरी निर्णय गर्नका लागी देहायमा उल्लेखित एकाईहरुमा प्रतिनिधि मुलक साधारण सभा संचालन हुने भएको हुँदा यस संस्थाका सम्पुर्ण सदस्य महानुभावहरुलाई निम्न मिति,स्थान र समयमा सहभागिताका लागी हार्दिक अनुरोध छ ।**

**साधारण सभामा छलफलका विषयहरु :**

१. संचालक समितिको तर्फ वाट संस्थाका अध्यक्ष ज्यू द्वारा प्रस्तुत प्रतिवेदन सम्बन्धमा ।
२. लेखा समितिको प्रतिवेदन सम्बन्धमा ।
३. आ.व. ०७६/०७७ को लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।
४. आ.व. ०७६/०७७ मा संचालक तथा लेखा समिती द्वारा गरिएको निर्णयहरु को अनुमोदन सम्बन्धमा ।
५. आ.ब ०७७/०७८ को प्रस्तावित बजेट तथा कार्यकम स्वीकृती गर्ने सम्बन्धमा ।
६. लाभांश वितरण सम्बन्धमा ।
७. आ.व. ०७७/०७८ को लागि लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
८. संस्थाको विनियम संशोधन तथा पुर्नलेखन, निति नियमावलीहरु तथा आन्तरिक कार्यविधिहरु तर्जुमा सम्बन्धमा ।
९. बहुउद्देश्यीय व्यावसायिक कृषि फार्म संचालन सम्बन्धमा ।
१०. आगामी कार्यकालका लागी संचालक समिति र लेखा सुपरिवेक्षण समिति को चयन तथा निर्वाचन सम्बन्धमा ।
११. साधारणसभाको एकाई (क्षेत्रगत) बैठकको निर्णय प्रमाणित गर्ने प्रतिनिधि छनौट तथा साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न प्रतिनिधि तोक्ने सम्बन्धमा ।
१२. विविध ।

**कार्यक्रम – १. मिति २०७७/०९/१५ गते देखी २३ गते सम्म तल उल्लेखित तालिका बमोजिम एकाई भेला मार्फत सुझाव संकलन तथा प्रस्तावहरु उपर छलफल र एकाई प्रतिनिधि छनौट गरी निर्णय प्रमाणित गर्ने ।**

**२. मिति २०७७/०९/२५ गते एकाई भेला मार्फत चयन भएका प्रतिनिधिहरुको उपस्थितीमा संकलित सुझावहरु र साधारणसभा का प्रस्तावहरु उपर छलफल गरी साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने ।**

| बैठक मिति | एकाई | एकाईको क्षेत्र | बैठक समय | बैठक स्थान | एकाई बैठकको निर्णय प्रमाणित गर्न आवश्यक प्रतिनिधि संख्या | साधारणसभाको निर्णय प्रमाणित गर्न चयनहुने प्रतिनिधि संख्या |
|---|---|---|---|---|---|---|
| २०७७/०९/१५–१६ | १ | राजबिराज (क) | बिहान १० बजे देखी ४ बजे सम्म | संस्थाको कार्यालय परिसर | ५ | ३ |
| २०७७/०९/१७ | २ | राजबिराज (ख) | बिहान १० बजे देखी ४ बजे सम्म | संस्थाको कार्यालय परिसर | ५ | ३ |
| २०७७/०९/१८ | ३ | सप्तरी पुर्वी क्षेत्र (क) (राजबिराज देखी पुर्व ) | बिहान १० बजे देखी ४ बजे सम्म | संस्थाको कार्यालय परिसर | ५ | ३ |
| २०७७/०९/१९ | ४ | सप्तरी पुर्वी क्षेत्र (ख) (राजबिराज देखी पुर्व ) | बिहान १० बजे देखी ४ बजे सम्म | संस्थाको कार्यालय परिसर | ५ | ३ |
| २०७७/०९/२० | ५ | सप्तरी पुर्वी क्षेत्र (ग) (राजबिराज देखी पुर्व ) | बिहान १० बजे देखी ४ बजे सम्म | संस्थाको कार्यालय परिसर | ५ | ३ |
| २०७७/०९/२१–२२ | ६ | सप्तरी पश्चिम क्षेत्र (क) (राजबिराज देखी पश्चिम ) | बिहान १० बजे देखी ४ बजे सम्म | संस्थाको कार्यालय परिसर | ५ | ३ |
| २०७७/०९/२३ | ७ | सप्तरी पश्चिम क्षेत्र (क) (राजबिराज देखी पश्चिम ) | बिहान १० बजे देखी ४ बजे सम्म | संस्थाको कार्यालय परिसर | ५ | ३ |

संचालक समितिको आज्ञाले
**ब्यवस्थापक**





देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजबिराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेवसाइट : rajbirajdainik.com.np